# गौरीगञ्ज राजपत्र

गौरीगञ्ज गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ६ संख्या : ७ मिति : २६ पुस, २०७९ साल

**भाग- २**

**गौरीगञ्ज गाउँपालिका, झापा**

**स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९**

(गाउँ कार्यपालिकाबाट स्वीकृत : २०७९/०९/२१)

**प्रस्तावना :**

गौरीगञ्ज गाउँपालिका भित्र बसोवास गर्ने सम्पूर्ण नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने प्रमुख जिम्मेवारी गौरीगञ्ज गाउँपालिकाको रहेको र सोको व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था गरी कार्य सम्पादन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न गौरीगंज गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा (४) बमोजिम गौरीगञ्ज गाउँ कार्यपालिकाको मिति २०७९/०९/२१ को बैठकबाट यो कार्यविधि तर्जुमा गरी जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम '**गौरीगञ्ज गाउँपालिकाको स्वास्थ्य सेवा सञ्चालन सम्वन्धी कार्यविधि, २०७९**' रहनेछ

(ख) गाउँ कार्यपालिकाको बैठकवाट स्वीकृत भई सार्वजानिक गरिए पश्चात यो कार्यविधि गौरीगञ्ज गाउँपालिकाभित्र लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले गौरीगञ्ज गाउँपालिकाको स्वास्थ्य सेवा सञ्चालन सम्वन्धी कार्यविधि, २०७९ लाई सम्झनु पर्छ ।

(ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ ।

(ग) "प्रदेश ऐन" भन्नाले स्वास्थ्य सेवा सम्वन्धमा प्रदेश नं. १ को संसदले बनाएको ऐनलाई सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले गौरीगञ्ज गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(च) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था सम्झनु पर्दछ ।

(छ) "ट्रष्ट वा लोक कल्याणकारी" भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरु मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ज) "व्यवस्थापन समिति" भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(झ) "समन्वय समिति" भन्नाले दफा ५ अनुसार गाउँपालिकामा गठिन स्वास्थ्य समन्वय समितिलाई सम्झनु पर्दछ ।

(ञ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र तथा सामुदायिक स्वास्थ्य इकाई समेतलाई सम्झनु पर्दछ ।

(ट) "सुलभ फार्मेसी सेवा" भन्नाले गाउँपालका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा सर्वसाधारणका लागि गुणस्तरीय औषधिहरु सुपथ मूल्यमा विक्री वितरण गर्नेगरी गौरीगञ्ज गाउँपालिकाको गाउँ कार्यपालिकाबाट बनाइने अस्पताल फार्मेसी सेवा सञ्चालन निर्देशिका वमोजिम सञ्चालन भएको स्वास्थ्य संस्थाको हाताभित्र सरकारी वा सामुदायिक लगानीमा स्थानीय सरकारबाट सञ्चालित औषधि पसल वा औषधि विक्री केन्द्र समेतलाई सम्झनु पर्दछ ।

(ठ) "समन्वय समिति" भन्नाले दफा ५ बमोजिम गठित गाउँपालिका स्तरीय स्वास्थ्य सेवा समन्वय समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेदः २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्वन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु :** स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु देहाय वमोजिम तीन प्रकारका हुनेछन् :

**(क) सरकारी वा सामुदायिक :** सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका आधारभुत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, आयूर्वेद, होमियोप्याथी तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, साधारण स्वास्थ्य क्लिनिक, आयूर्वेद स्वास्थ्य केन्द्रहरु, सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

**(ख) निजी :** निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसी,
प्राथमिक उपचार केन्द्रहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

**(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थ :** ट्रष्ट वा

लोककल्याणकारी संस्थाहरु मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

**४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्डः**

स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुनेछ ।

**५. गाउँपालिका स्तरीय स्वास्थ्य सेवा समन्वय समितिको गठन, काम, कर्तव्य र अधिकारः**

(१) गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख तथा व्यवस्थापन गर्न देहाय वमोजिमको एक गाउँपालिका स्तरीय स्वास्थ्य सेवा समन्वय समिति गठन गरिने छ । यस समितिको गठन यस प्रकार हुनेछ :

क. गाउँपालिका अध्यक्ष अध्यक्ष

ख. गाउँपालिका उपाध्यक्ष सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत सदस्य

घ. गाउँपालिका सामाजिक तथा सार्वजनिक लेखा समिति संयोजक सदस्य

ङ. गाउँ कार्यपालिकाले मनोनित गरेकोको १ जना महिला र १ जना दलित सहित ३ जना सदस्य

च. स्वास्थ्य सेवा क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट गाउँपालिका स्वास्थ्य सेवा समन्वय समितिले मनोनित गरेको १ जना सदस्य

छ. आमा समूह वा स्वास्थ्य स्वयंसेविका सञ्जालमध्येबाट गाउँपालिका स्वास्थ्य सेवा समन्वय समितिले मनोनित गरेको एक जना सदस्य

ज. समितिले मनोनित गरेको उद्योग बाणिज्य क्षेत्रमा कार्य गर्ने वा बाणिज्य संघको प्रतिनिधी वा सामाजिक संघ सस्थाहरुबाट १ जना सदस्य

झ. स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव

(मनोनित सदस्यहरुको कार्यावधि २ बर्षको हुनेछ ।)

(२) गाउँपालिका स्वास्थ्य सेवा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायवमोजिम हुनेछ :

(क) गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य सेवा सम्वन्धी योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी गाउँ कार्यपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने/गराउने ।

(ज) गाउँ कार्यपालिकालाई स्वास्थ्य सेवा सम्वन्धी क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) स्वास्थ्य संस्थाहरुमा सञ्चालनमा आएका सुलभ औषधि पसल वा केन्द्रहरुको निरीक्षण, नियन्त्रण तथा रेखदेख गरी सो पसलहरुको लेखापालन तथा व्यवस्थापन चुस्त दुरुस्त राख्न लगाउने ।

(ञ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

६. **स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकारः**

(१) सामुदायिक अस्पताल, गाउँपालिका स्तरको अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र व्यवस्थापनका लागि देहाय वमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै सञ्चालन तथा व्यवस्थापन समिति गठन गरिने छ ।

**१.१ गाउँपालिका स्तरको अस्पताल :**

| | | |
|---|---|---|
| क. | गाउँपालिका अध्यक्ष | संरक्षक |
| ख. | सम्बन्धित वडाको वडा अध्यक्ष | अध्यक्ष |
| ग. | कार्यपालिकाकाले तोकेको वडा सदस्य<br>*(अध्यक्ष र उपाध्यक्ष विपरीत लिंगको हुनुपर्नेछ)* | उपाध्यक्ष |
| घ. | गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले तोकेको गाउँपालिकाको अधिकृतस्तरका कर्मचारी | सदस्य |
| ङ. | स्वास्थ्य/जनस्वास्थ्य क्षेत्रका विज्ञ अथवा स्वास्थ्य/जनस्वास्थ्य क्षेत्रमा सक्रिय सामाजिक संस्थाका प्रतिनिधीहरु अथवा महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येवाट गाउँ कार्यपालिकाले मनोनित गरेका कम्तीमा १ महिला सहित २ जना | सदस्य |
| च. | गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| छ. | आदिवासी जनजाती/दलितवाट एक जना, अपाङ्गता भएका वा जेष्ठ नागरिकवाट एक जना, किशोर- किशोरीहरु वाट एक जना समेत कम्तीमा एक महिलासहित कार्यापालिकाले मनोनित गरेका तिन जना | सदस्य |

ज. गाउँपालिकाभित्रका सामुदायिक क्याम्पसका प्रमुख अथवा सामुदायिक विद्यालयका प्राचार्य/प्र.अ.हरु मध्येबाट कार्यपालिकाले मनोनित गरेको १ जना सदस्य

झ. सम्वन्धित अस्पतालको आर्थिक वा जिन्सी शाखा प्रमुख सदस्य

ञ. सम्वन्धित अस्पतालका प्रमुख सदस्य सचिव

ट. आवस्यकता अनुसार समितीले इलाका प्रहरी कार्यालय प्रमुखसहित ३ जना सदस्य (१ जना महिला) मनोनित गर्न सक्ने छ । तर मत बाझिएको अवस्थामा यसरी मनोनित सदस्यहरु निर्णय प्रक्रियामा सहभागी हुन पाउने छैनन् ।

**१.२ वडा स्तरको स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई :**

क. गाउँपालिका अध्यक्ष संरक्षक

ख. सम्बन्धीत वडाका वडा अध्यक्ष अध्यक्ष

ग. सम्वन्धित वडाका निर्वाचित वडा सदस्यहरु मध्ये वडा समितीले तोकेको १ जना (*अध्यक्ष र उपाध्यक्ष विपरीत लिंगको हुनुपर्नेछ*) उपाध्यक्ष

घ. स्वास्थ्य संस्था रहेको वडाका सामुदायिक विद्यालयका प्रचार्यहरु/ प्रधानाध्यापकहरु मध्येबाट वडा समितिले मनोनित गरेको १ जना महिला सदस्य

(सम्वन्धित वडामा महिला प्राचार्य/प्रधानाध्यापक नभएमा महिला शिक्षकवाट १ जना मनोनित गर्नुपर्ने)

(ङ) स्थानिय व्यापार/बाणिज्य संघको प्रतिनिधीहरु मध्येवाट वडा समितीले मनोनित गरेको १ जना सदस्य

च. स्वास्थ्य संस्था रहेको वडाका महिला स्वास्थ्य स्वयमसेविकाहरु मध्ये वडा समितीले मनोनित गरेको १ जना सदस्य

छ. सम्वन्धित वडाको वडा सचिव सदस्य

ज. सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख सदस्य सचिव

वडा स्तरिय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितीमा तपशिल अनुसार ३ जना आमन्त्रित सदस्यहरु रहनेछन :

झ. सम्वन्धित वडामा रहेका दलित/जनजाती समुदायका प्रतिनिधीहरु मध्ये समितीले मनोनित गरेका १ जना आमन्त्रित सदस्य

ञ. सम्वन्धित वडामा रहेका अपाङ्गता भएका,अशक्त वा जेष्ठ नागरिकहरु मध्ये समितीले मनोनित गरेका १ जना आमन्त्रित सदस्य

ट. सम्वन्धित वडामा रहेका किशोर किशोरी/बाल क्लवका प्रतिनिधीहरु मध्ये समितीले मनोनित गरेका १ जना आमन्त्रित सदस्य

(२) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछन :

क. आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति

मार्फत गाउँपालिकामा पेश गर्ने ।

ख. व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

ग. वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्ने ।

घ. सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने ।

ङ. स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने

च. सुलभ फार्मेसी सेवा सञ्चालन भएको भए सो सेवाको रेखदेख, अनुगमन, व्यवस्थापन गरी चुस्त दुरुस्त लेखापालन कायम राख्ने वा राख्न लगाउने र सुलभ फार्मेसी सेवा सञ्चालन नभएको भए सञ्चालनका लागि आवश्यक पहल गर्ने ।

छ. केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(३) **गाउँघर क्लिनिक व्यवस्थापन समिति गठन, काम, कर्तव्य, र अधिकार :**

(क) वडा समितिले तोकेको.सम्बन्धीत वडाको विर्वाचित वडा सदस्य अध्यक्ष

(ख) सो वार्डको महिला स्वास्थ्य स्वयमसेविका मध्येबाट समितिले मनोनित गरेको एक जना सदस्य

ग) सो क्षेत्रको टोल विकास संस्थाको अध्यक्षहरुमध्ये वडा समितिले मनोनित एक जना सदस्य

(घ) गाउँघर क्लिनिक रहेको क्षेत्रको विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट वडा समितिले मनोनित गरेको एक जना सदस्य

(ङ) सम्वन्धित स्वास्थ्य संस्था प्रमुखले तोकेको सो स्वास्थ्य संस्थाका फिल्डमा काम गर्ने अ.हे.ब/अ.न.मी सदस्य सचिव

**७. बैंक खाता सञ्चालन तथा लेखा व्यवस्थापन**

**७.१. गाउँपालिका स्तरको अस्पताल :**

गाउँपालिका स्तरको अस्पतालको बैक खाता सम्वन्धित अस्पताल व्यवस्थापन समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । सदस्य सचिव करार सेवामा कार्यरत रहेमा

व्यवस्थापन समितिको अध्यक्ष र सम्वन्धित अस्पतालको आर्थिक वा जिन्सी शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

**७.२ वडा स्तरको स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई :**

वडा स्तरको स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाईको बैक खाता सम्वन्धित स्वास्थ्य संस्था व्यवस्थापन समिति अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

## परिच्छेदः ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

**८ अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड**

(१) आधारभुत अस्पताल :

गाउँपालिका आफैले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको आधारभुत अस्पताल संचालन गर्न सक्नेछ । यस्तो अस्पताल संचालन गर्न गाउँपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ ।

(क) भवन र कोठाहरु

प्रतिक्षालय, प्रशासन कक्ष, प्राथमिक उपचार कक्ष, बहिरङ्ग तथा अन्तरङ्ग सेवा कक्षहरु, प्रयोगशाला कक्ष, एक्सरे कोठा, औषधी भण्डारण तथा वितरण कक्ष, सुलभ फार्मेसी सेवा विक्री वितरण कक्ष, प्रसुती कक्ष लगायतका विभिन्न सेवा सुविधा सहितको तोकिएको मापदण्ड अनुरुपको भवन ।

(ख) उपकरण :

बिरामी जाँच तथा अपचार, आकस्मिक सेवा, अन्तरंग सेवा, बहिरंग सेवा, आमा सुरक्षा कार्यक्रम, जनस्वास्थ्य कार्यक्रम, अप्रेसन सेवा, रेडियोलोजी सेवा, आँखा तथा दन्त सेवा, आधारभूत तथा प्राथमिक उपचारका लगायत स्वास्थ्य सेवाका लागि आवश्यक उपकरणहरु ।

(ग) फोहोर मैला व्यवस्थापन

अस्पतालजन्य फोहोरमैला ब्यवस्थापनका लागि उपयुक्त र बैज्ञानिक फोहरमैला ब्यवस्थापन प्रणाली भएको हुनु पर्ने ।

(घ) अन्य : यसमा अल्लेख नभएका कुराहरु प्रचलित नियम, कानुन अनुसार हुनेछ ।

(२) स्वास्थ्य चौकी/आधारभुत स्वास्थ्य केन्द्र :

गाउँपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी/आधारधुत स्वास्थ्य केन्द्र संचालन गर्नुपर्नेछ :

(क) भवन र कोठाहरु :

प्रतिक्षालय, प्रशासन कक्ष, प्राथमिक उपचार कक्ष, बहिरङ्ग तथा अन्तरङ्ग सेवा कक्षहरु, प्रयोगशाला कक्ष, एक्सरे कोठा, औषधी भण्डारण तथा वितरण कक्ष, सुलभ फार्मेसी सेवा विक्री वितरण कक्ष, प्रसुती कक्ष लगायतका विभिन्न सेवा सुविधा सहितको तोकिएको मापदण्ड अनुरुपको भवन ।

(ख) उपकरण :

आधारभुत स्वास्थ्य सेवा तथा प्राथमिक उपचारका लागि आवश्यक आधारभूत उपकरणहरु ।

(ग) फोहोर मैला व्यवस्थापन

स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त र बैज्ञानिक फोहरमैला व्यवस्थापन प्रणाली भएको हुनुपर्ने ।

(घ) अन्य :

यसमा अल्लेख नभएका कुराहरु प्रचलित नियम, कानुन अनुसार हुने छ ।

(३) गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा गाउँपालिका आफैंले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्नेछ ।

(४) गाउँपालिकाको जनसंख्या, भौगोलिक अवस्था, सेवाको पहुँच समेतलाई मध्यनजरमा राखी आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाई स्थापना तथा सञ्चालन गर्न गराउन सक्नेछ ।

**९. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने:**

(१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा १५ शैया सम्मको संचालन अनुमती गाउँपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने व्यक्ति वा संस्थाले

अनुमतीको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिई तोकिए बमोजिमको प्रक्रिया पुरा गर्नुपर्नेछ ।

१०. **अस्पताल संचालन गर्न आवश्यक मापदण्डः** गाउँपालिकाको स्वीकृतीमा संचालन हुने १५ शैयासम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(१) जनशक्ति :कम्तिमा एक जना विशेषज्ञ सहित चार जना एम.वि.वि.एस डाक्टर, एक जना रेडियोलोजिष्ट, कम्तिमा दुई जना स्टाफ नर्स, कम्तिमा दुई जना हे.अ., कम्तिमा ४ अ.हे.व., कम्तिमा ४ जना अ.न.मी., कम्तिमा १ जना ल्याव टेक्निसियन, कम्तिमा १ जना डार्क रुम असिस्टेन्ट र आवश्यक मात्रामा सहायक र सहयोगी स्वास्थ्यकर्मी ।

(२) भवन तथा कोठा र हाताहरुः दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, ओ.पि.डि कक्ष, प्रयोगशाला कक्ष, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, लेखा फाँट, तथ्याङ्क फाँट, प्रतिक्षालय कक्ष, कम्तिमा एक इन्सिनेरेटर, प्लासेन्टापिट, पार्किङ समेत अन्य आवश्यक सेवा कक्ष तथा हाताहरु ।

(३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलव्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत सेवा, टेलिफोन र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर ब्यवस्थापनको उचित व्यवस्था भएको हुनुपर्ने ।

(४) प्रशासनिक जनशक्तिः प्रशासन अधिकृत, लेखा अधिकृत, तथ्याङ्क अधिकृत, कम्प्युटर अपरेटर, ना.सु., कम्तिमा ४ जना का.स. तथा पहरेदारहरु ।

(५) आफ्नो भवन भए गाउँपालिकाको नियमानुसार घर नक्सा जाँच पास भएको प्रमाण सहितको जग्गाधनी प्रमाण पूर्जा र भाडामा लिएको भवन भए कम्तिमा पाँच वर्षसम्मको सम्झौता भएको घर बहाल सम्झौता पत्र ।

(६) भौतिक पूर्वाधार सम्बन्धी अन्य व्यवस्था तथा सञ्चालन अनुमति तोकिए बमोजिम हुनेछ ।

११. **पोलिक्लिनिक संचालनको अनुमतिः**

(१) गाउँपालिका क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पूरा गरी स्वीकृती लिनु पर्नेछ ।

(२) एक जना एम.वि.वि.एस.चिकित्सक, एक जना हे.अ., एक जना अ.हे.व. एक जना अ.न.मि., एक जना ल्याव असिस्टेन्ट, एक जना सरसफाई सहयोगी सहितको अन्य तोकिएका जनशक्ति र तोकिएको सामान्य

पूर्वाधारहरु सहितको प्रमाण सहितका कागजातहरु माग निवेदनका साथ पेश गर्नु पर्नेछ ।

१२. **प्रयोगशाला वा ल्याब संचालन अनुमति** : व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्याव संचालन गर्न चाहेमा
देहाय वमोजिमको विवरण सहित गाउँपालिकाबाट अनुमति लिई तोकिए बमोजिमको स्वीकृति लिनु पर्नेछ ।

१३. **फार्मेसी संचालनको अनुमती :**

(१) गाउँपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमती लिनु पर्नेछ ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति वा औषधी बिक्रि बितरणको लागि सम्बन्धीत औषधि बिभागबाट ईजाजत प्राप्त ब्यात्ति सञ्चालक रहने गरी फार्मेसी सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने छ ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सक्नेछ ।

१४ . **निजि क्षेत्रले प्राथमिक उपचार केन्द्र संचालनको अनुमति :**

(१) गाउँपालिका क्षेत्र भित्र प्राथमिक उपचार केन्द्र संचालन गर्न वा घरमा आधारित स्वास्थ्य सेवा प्रदान गर्न चाहेमा कुनै चिकित्सक वा पारामेडिकल स्वास्थ्य सेवा प्रदायकहरुले तोकिएको मापदण्ड पूरा गरी गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) नेपाल मेडिकल काउन्सिल वा नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएका चिकित्सक वा तालिम प्राप्त स्वास्थ्यकर्मी (मेडिकल अधिकृत, हे.अ., सि.अ.हे.व., अ.हे.व.)संचालक रहने गरि तोकिएको मापदण्ड पूरा गरी स्वीकृती लिएर प्राथमिक उपचार केन्द्र संचालन गर्न पाउने छ ।

(३) तोकिए वमोजिमको प्राथमिक उपचार,परार्मशसेवा, अतिआवश्यक औषधी, उपचार सेवाहरु प्रदान गर्न सक्नेछन् ।

१५. **मापदण्ड पुरा नगरेमा सजाय हुने :**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिँदा तोकिएको मापदण्ड पूरा नगरी झूठा विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पूरा गरेको पाइएमा अनुगमन समितिले
अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको

लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) चिकित्सक, स्वास्थ्यकर्मी, नर्सिङ्ग र फार्मेसीहरुले परिषद्मा व्यवस्था भए बमोजिमको आचार संहिता उल्लघंन गरेमा तोकिए बमोजिम सजाय हुनेछ ।

**१६. सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने** : निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षण र उपचारका क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिसमा कम्तीमा १० प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ र जेष्ठ नागरिक तथा अन्यको हकमा तोकिए बमोजिम हुनेछ ।

**१७. स्वास्थ्य सिविर सञ्चालन :** गाउँपालिका भित्र कुनै पनि स्वास्थ्य शिविर सञ्चालन गर्न प्रस्ताव सहित निवेदन पेश गरी गाउँकार्यपालिकाको कार्यालयबाट अनिवार्य स्वीकृत लिनु पर्नेछ ।

**१८. नियमित प्रतिबेदन गनुपर्ने :** संस्थाहरुले प्रदान गरिएका सबै स्वास्थ्य सेवाहरुको नियमअनुसार मासिकरुपमा तोकिएको ढाँचामा प्रतिबेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेदः ४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयम सेवा सम्बन्धी व्यवस्था

१९. **स्वास्थ्यकर्मीको व्यवस्थापन :** गाउँपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

(१) स्थायी : संघीय सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु तथा लोकसेवा आयोगबाट सिफारिस भई आएका ।

(२) करार : स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु ।

(३) अभ्यासकर्ता : स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्ने छ ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविकाहरु : तोकिए बमोजिम छनौट भएका अभियानकर्ता र स्वयंसेवकहरु

२०. **अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको व्यवस्था :** स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु छनौट गर्न सक्नेछ ।

(१) महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु छनौटका लागि १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम दश कक्षा उतिर्ण गरेको सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ ।

(२) एउटा वडामा अधिकतम संख्या दश हुने गरी औसत प्रति घरधुरी २०० का लागि १ जना महिला स्वास्थ्य स्वयंसेविका र १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले गाउँपालिका समक्ष गर्नसक्ने छ ।

(३) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी ७ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यसभन्दा पहिलेदेखि नै कार्यरत महिला स्वयंसेवीकाहरु मध्ये निरक्षर र ६० बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी बिदाइ गरिने छ र नयाँ नियुक्त गर्दा कम्तिमा दश कक्षा उतिर्णलाई मात्र छनौट गरिने छ ।

(५) नयाँ महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु छनौटका लागि देहाय वमोजिमको एक समिति रहने छ ।

(क) गाउँपालिका स्वास्थ्य समन्वय समितिले छनौट गरेको समन्वय समितिको सदस्य एकजना....................अध्यक्ष

(ख) सम्बन्धीत वडा समितिले छनौट गरेको वडा सदस्य दुई जना......सदस्य

(ग) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्य एक जना ...........................................................................सदस्य

(घ) स्थानीय स्वास्थ्य संस्थाको प्रमुख एक जना कर्मचारी.................... सदस्य

(ङ) स्थानीय आमा समूह अध्यक्षहरु मध्येबाट वडा समितिबाट मनोनित एक जना.................................................सदस्य

(च) गाउँपालिका स्तरीय स्वास्थ्य शाखा प्रमुख वा निजले तोकेको एक जना स्वास्थ्यकर्मी ........................................सदस्य सचिव

(६) महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु छनौटका लागि सम्वन्धित वडाका आमा समूहले बैठक राखी तोके वमोजिको योग्यता पूरा गरेका

इच्छुक निवेदकहरुबाट निवेदन संकलन गरी बैठकको माइन्युट प्रतिलिपी र सम्वन्धित स्वास्थ्य संस्थाको सिफारिससहित छनौटका लागि उपदफा (५) वमोजिमको समितिमा पेश गर्नु पर्नेछ ।

(७) छनौट समितिको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२१. स्वास्थ्यकर्मीको सेवा सुविधाः**

(१) स्थायी स्वास्थ्यकर्मीहरुलाई संघीय सरकारले तोकेको स्केल वमोजिम तलव र स्थानीय गाउँपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा दिइने छ ।

(२) करार स्वास्थ्यकर्मीहरुलाई करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभियानकर्ता/स्वयंसेविकाहरुलाई पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

**२२. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्तिः**

(१) सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी गाउँपालिकाले नियमानुसार निर्धारण गर्ने छ ।

(२) दरवन्दी अनुसारका पदहरुमा संघीय सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु र लोक सेवाको प्रकृयाबाट सिफारिस भई आएका कर्मचारीहरु रहने छन् ।

(३) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नुपर्ने भएमा नियमानुसार नियुक्ति हुनेछ ।

**२३. कर्मचारी सरुवा :**

(१) गाउँ कार्यपालिकाको कार्यालयले आवश्यकता अनुसार स्थानीय स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(२) स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा गर्न गाउँकार्यपालिकाको कार्यालयमा सरुवाका लागि निवेदन दिन सक्नेछ । यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिकाको स्वास्थ्य सेवा सम्वन्धी शाखाले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्न सक्नेछ । विशेष अवस्थाका लागि सरुवा माग भई आएमा प्राथमिकता दिइनेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी

आवश्यक नरहेको, स्वास्थ्य समस्या, पति पत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिने छ ।

(४) माथी उपदफा (१) (२) र (३) मा जेसुकै उल्लेख भएता पनि गाउँ कार्यपालिकाको निर्णय अनुसार यस गाउँपालिका अन्तर्गतका स्वास्थ्यकर्मीहरुलाई आवश्यकता समेतका आधारमा एक स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थामा सरुवा गर्न बाधा पुगेको मानिने छैन ।

(५) सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४. **कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेः**

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्य सम्पादन करार सम्झौंताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य सेवा सम्वन्धी शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) वार्षिक कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा सम्वन्धी समन्वय समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**२५. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार**

(१) गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको वार्षिक, अर्धवार्षिक कार्य सम्पादन मूल्याङ्कन तोकिए वमोजिम हुनेछ ।

(२) गाउँपालिका अन्तर्गतका स्वास्थ्यकर्मी कर्मचारीहरुको कार्य सम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गरिनेछ ।

(३) कार्य सम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय सम्बन्धी मापदण्ड गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

**२६. वार्षिक खरिद योजना बनाउनु पर्ने :**

(१) आफ्नो क्षेत्र भित्र वार्षिक रुपमा आवश्यक पर्ने संघीय सरकारले तोकेको निःशुल्क वितरण गर्ने औषधी, स्थानीय समस्याको आधारमा आवश्यक औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न नियमानुसार वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य सेवा सम्वन्धी शाखाले तयार गर्नेछ ।

**२७. औषधी तथा स्वास्थ्य उपकरण खरिदः**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिकाका स्वास्थ्य सेवा सम्वन्धी शाखाले प्रक्रिया अघि वढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

(३) समुदायमा सर्वसुलभ भरपर्दो एवम् उचित मुल्यमा औषधि उपलब्ध गराउनका लागि सामुदायिक स्वास्थ्य संस्थाहरु मातहत रहने गरी सुलभ औषधालय सञ्चालन गर्न सकिनेछ ।

**२८. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारणः**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको ब्यवस्था गाउँपालिका स्वास्थ्य सेवा सम्वन्धी शाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा वा आवश्यकता अनुसार गर्नुपर्ने छ ।

(३) सम्वन्धित सामुदायिक स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

## परिच्छेद ६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

**२९. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने :**

(१) गाउँपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ ।

स्थानीय स्वास्थ्य सेवा सम्बन्धी तोकिएको अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिन सक्नेछ ।

**३०. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन:**

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम, अभियानहरु गर्नेछ । अस्पताल मार्फत वीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) आवश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी संचालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

**३१. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन :**

(१) स्वच्छ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनि प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य सेवा सम्वन्धी अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ ।

(२) प्रदुषण वढाउने उद्योग, संस्थान वा ब्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सोबाट पर्नजाने हानी नोक्सानीको क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गर्न सक्नेछ ।

(३) सम्बन्धित गाउँपालिकामा रहेका निजि फार्मेसि, प्राथमिक उपचार केन्द्रहरुको औषधि व्यवस्था विभाग समेतबाट अनुगमन हुँदा सम्बन्धित गाउँपालिकासँग समन्वय गरी गाउँपालिका प्रतिनिधिसहित अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) सिफारिसवमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

(५) गाउँपालिका अन्तर्गतका बजार, गाउँ बस्तीहरुलाई स्वस्थ, स्वच्छ एवं वातावरणमैत्री गाउँपालिका बनाउन गाउँ कार्यपालिकाले स्वास्थ्य निर्देशिका वा कार्यविधिहरु जारी गर्नेछ ।

(६) सरसफाई व्यवस्थापनका लागि गाउँपालिकाले सेवा शुल्क समेत तोक्न सक्नेछ ।

## परिच्छेद ७

## महामारी रोकथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**३२. रोग तथा रोगीहरुको अभिलेख राख्नुपर्ने:**

(१) स्थानीय स्तरमा कुनै रोगको महामारी भएमा सोको जानकारी चौबिस घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सोको जानकारी पाँच दिनभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

(४) गरिब तथा विपन्न परिवारका सदस्यहरुलाई क्यान्सर, मुटु रोग, मृगौला सम्बन्धी रोग, स्पाइनल ईन्ज्युरी जस्ता जटिल रोगीहरुलाई छुट्टै कार्यविधि बनाई गाउँ कार्यपालिकाले आर्थिक सहायता प्रदान गर्न सक्नेछ ।

५) महामारी तथा रोगबाट बचाउन अपनाईने विधिहरु, खोप कार्यक्रमलाई अनिवार्य गरिनेछ ।

**३३. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने:**

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितीमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक सतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने, महामारी नियन्त्रणका लागि उपचारात्मक तथा निदानात्मक एवम् प्रतिकारत्मक उपायहरु अपनाउन र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी ढङ्गले परिचालन गर्नुपर्नेछ ।

(३) महामारी रोग व्यवस्थापन गर्न आवश्यकता अनुसार गाउँपालिकाको निर्णयानुसार सामुदायिक तथा निजी स्वास्थ्य संस्था र सामुदायिक तथा निजी संघ संस्थाहरुलाई परिचालन र उपयोग गर्न सक्नेछ ।

**३४. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि कानुन बमोजिम स्वीकृति र गाउँपालिकाबाट छुट्टै अनुमती लिनुपर्नेछ ।

(२) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय,स्वास्थ्य संस्था, हाटवजार जस्ता सार्वजनिक क्षेत्रहरुमा तोकिए बमोजिम निश्चित दुरी भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(३) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले तोकिए बमोजिम जरिवाना गर्न सक्नेछ ।

**३५. सरसफाइ सम्बन्धी कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन :**

(१) सरसफाई सम्बन्धी तोकिए बमोजिम मापदण्ड तयार गरिने छ ।

(२) यसरी स्वीकृत भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरी सवै घरपरिवारसम्म प्रचार प्रसार गरी सुशुचित गर्नेछन् ।

(३) संघसंस्था, सरकारी निकाय, पार्क, बजार, मेला लगायत सार्वजनिक भवन र घर निमार्ण गर्दा शौचालयको व्यवस्था र फोहर बिसर्जन गर्ने ब्यवस्था भएको हुनुपर्नेछ ।

(४) एक परिवारको सौचालय, ढल र फोहरमैला ब्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सोको क्षतिपूर्ति हानी पुर्‍याउने परिवारले तिर्नुपर्ने छ ।

(५) शहरी तथा अर्धशहरी क्षेत्रमा निस्कासित फोहरमैला पुनप्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँ कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्ने छ ।

## परिच्छेद ७
## विविध

**३६. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिसः**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द्र स्थापनाका लागि सम्वन्धित वडा र गाउँपालिकाबाट सिफारिस लिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि गाउँपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**३७. राष्ट्रिय, प्रादेशिक र स्थानीय स्वास्थ्य कार्यक्रम, अभियान र आधारभूत स्वास्थ्य सेवालाई प्राथमिकता दिनु पर्नेः** स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको प्राथमिकता प्राप्त स्वास्थ्य कार्यक्रम, अभियान तथा आधारभूत स्वास्थ्य सेवा र स्थानीय स्वास्थ्य आवश्यकतालाई विशेष प्राथमिकतामा राखी योजना बनाई कार्यान्वयन गरिनेछ ।

**३८. बचाउ र खारेजी** :यो कार्यविधि प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

आज्ञाले,
मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत